## मधेशी मोर्चाले सरकारबाट समर्थन फिर्ता लिएपश्चात भएका घटनाहरु र चुनावी वातावरण

विश्लेषण अद्यावधिक – ३

अवधिः चैत ३ देखि १८, २०७३
प्रकाशितः चैत ३१, २०७३

चैत २ मा मधेशी मोर्चाले[1] सरकारलाई[2] दिएको समर्थन फिर्ता लियो र संविधान संशोधन मार्फत उनीहरुको माग[3] सम्बोधन नगरिञ्जेल २०७४ वैशाख ३१ मा तय स्थानीय तहको निर्वाचन बहिष्कार गर्ने र बिथोल्ने घोषणा गऱ्यो । यस लगत्तै मोर्चाले निर्वाचनको विरोधमा विभिन्न कार्यक्रमहरु थाल्यो । चैत ३ देखि १८ को अवधिमा मोर्चाले स्थानीय निर्वाचनको विरोध गरेको कम्तीमा २४ घटना घटे । सरकारी कार्यालयहरुलाई घेराउ तथा तालाबन्दी गर्नुदेखि भर्खरै स्थापित स्थानीय तहका कार्यालयहरुको साइनबोर्ड झिक्नु र तोडफोडसम्मका घटनाहरु भए । अधिकांश घटनाहरु प्रदेश २ मा घटे । मोर्चाको विरोध कार्यक्रम दौरान कुनै पनि झडप तथा हिंसात्मक घटना भएन ।

यस अवधिमा अर्को महत्वपूर्ण घटना नेपालको संविधानको धर्म निरपेक्षता र गणतन्त्रात्मक भावना विपरित रहेको भन्दै निर्वाचन आयोगले राष्ट्रिय प्रजातन्त्र पार्टीको (राप्रपा) विधानबाट राजतन्त्र र हिन्दु राज्य पुनर्स्थापनाको प्रावधानलाई हटाइदियो । राजतन्त्र र हिन्दु राज्य पार्टीको मूल सिद्धान्त हो भन्दै राप्रपाले निर्वाचन आयोगको यस निर्णयको भर्त्सना गर्नुको साथै निर्वाचन आयोगले पार्टीको अभिव्यक्ति स्वतन्त्रतालाई उल्लङ्घन गरेको आरोप लगायो[4] । निर्वाचन आयोगको यस निर्णयविरुद्ध राप्रपाले कम्तीमा १० ओटा प्रदर्शनहरु गऱ्यो ।

तराईभन्दा बाहिरका जिल्लाहरुमा नागरिकहरुले निर्वाचनलाई आशासहित प्रतीक्षा गरिरहेका छन् । राजनीतिक दलहरुले आ-आफ्ना उम्मेदवारहरु घोषणा गर्न थालेका छन् र निर्वाचन आयोगले अहोरात्र

---

[1] संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा अथवा मधेशी मोर्चा मधेश केन्द्रित सात राजनीतिक दलको गठबन्धन हो ।

[2] मधेशी मोर्चाले सरकारबाट समर्थन किन फिर्ता लियोबारे विस्तृत जानकारीको लागि डिआरसीएन र कोक्यापद्वारा प्रकाशित विश्लेषण अद्यावधिक – २ हेर्नुहोस् । second Analysis Update.

[3] मोर्चाका मागहरु निम्न छन्ः वैशाख ३१ मा घोषित स्थानीय चुनाव फिर्ता लिनुपर्ने, संविधानको संशोधन गर्नुपर्ने, स्थानीय तहलाई प्रदेश मातहत राख्नुपर्ने र सरकार गठनको बेला गरिएको तीन बुँदे सम्झौता लागु गर्नुपर्ने । 'Morcha submits 5-pt memo to PM, gives 7-day ultimatum'

[4] निर्वाचन आयुक्त नरेन्द्र दाहालले भने, हिन्दु राज्य र राजतन्त्र संविधानको गणतान्त्रिक पद्धति र धर्म निरपेक्षतासँग बाझिन्छ । 'EC Removes Hindu state, monarchy from RPP's statute'

खटेर प्राविधिक तयारीहरु सम्पन्न गर्न लागेको छ । निर्वाचन प्रकृयासँग सम्बन्धित कम्तीमा अन्य चार घटना भए ।

नयाँ पुनर्गठित स्थानीय अङ्गविरुद्ध असन्तुष्टि दर्शाउँदै नागरिकहरुले विभिन्न ठाउँमा सरकारी कार्यालयहरु अगाडि प्रदर्शन गरेको, घेराउ गरेको तथा सडक अवरुद्ध गरेको कम्तीमा १२ वारदातहरु भए ।

वैशाख ३१ मा घोषित स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गराउनको मुख्य चुनौती अझै पनि मधेश केन्द्रित दलहरु र अन्य दलहरुबीच राजनीतिक सहमति खोजिनु नै रहेको छ । सरकारले चैतको दोश्रो सातासम्म मोर्चासंग सहमतिको बाटो खोज्न कैयौँ चरण वार्ता गऱ्यो । सरकारले स्थानीय तहको चुनाव दुई चरणमा गर्ने पनि प्रस्ताव गऱ्यो तर सरकारको यस प्रस्तावलाई प्रमुख प्रतिपक्षी नेकपा-एमालेले ठाडै अस्वीकार गऱ्यो । चैतको अन्तिम सातासम्म पनि समाधानको कुनै सम्भावना देखिएको छैन । हाम्रा पछिल्ला विश्लेषण अद्यावधिकहरुमा उल्लेख गरिएजस्तै जनसङ्ख्याको महत्वपूर्ण हिस्साहरुको सहभागिता बेगर गरिने चुनाव र समुदायहरुबीच अविश्वास तथा हिंसा सिर्जना गर्नसक्ने निर्वाचनले विगत कैयौँ वर्षमा प्राप्त गरिएका महत्वपूर्ण उपलब्धिहरुलाई नै उल्टाउने खतरा हुन सक्छ ।

## चैत ३ देखि १८ को अवधिमा भएका घटनाहरुको विवरण[5]

१. निर्वाचनसम्बन्धी घटनाहरु

क. मधेशी मोर्चाको निर्वाचनविरुद्ध प्रदर्शन
स्थानीय तह निर्वाचनविरुद्ध मोर्चा संलग्न कम्तीमा २४ ओटा प्रदर्शन भए । प्रदेशको सीमानाको टुङ्गो नलागिकनै स्थानीय तह पुनर्संरचना लागु गर्न थालेको तथा संविधान संशोधन मार्फत मोर्चाको मागहरु सम्बोधन नगरिकनै चुनावको तयारी थालेको विरोधमा मोर्चाका प्रदर्शनहरु भर्खरै स्थापित स्थानीय तहका कार्यालयहरु र अन्य सरकारी कार्यालयहरु लक्षित थिए । मोर्चाका यी प्रदर्शनहरुले निर्वाचनको तयारीलाई कुन हदसम्म बाधा पुऱ्यायो भनिहाल्नु गाह्रो छ ।

- चैत ३ मा मधेशी मोर्चाका कार्यकर्ताहरुले महोत्तरी जिल्लाको सातओटा गाउँपालिकाको साइनबोर्ड झिकेर फाले । यनीहरुले महोत्तरीकै मनरा गाउँपालिकाको साइनबोर्ड तथा कार्यालयका दस्तावेजहरु पनि जलाइदिए ।
- चैत ४ मा मोर्चा कार्यकर्ताहरुले मोरङको धनपाल गाउँपालिकाको साइनबोर्ड झिक्नुको साथै निर्वाचन केन्द्र निर्धारण गर्न बसेको बैठक पनि बिथोले । यसै दिन मोर्चा कार्यकर्ताहरुले सरकारी कर्मचारीहरुलाई नवलपरासीको सरवाल गाउँपालिका उद्घाटन गर्नबाट रोके ।
- चैत ६ मा मोर्चा कार्यकर्ताहरुले सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिकाको साइनबोर्ड जलाए । सोही दिन मोर्चा कार्यकर्ताहरुले बाराको देउताल गाउँपालिकाको फर्नीचर जलाए ।

---

[5] घटनाहरुको पूर्ण सूचीको लागि Nepal Monitor link हेर्नुहोस् ।

- चैत ७ मा मोर्चा कार्यकर्ताहरुले पर्साको जिल्ला समन्वय समितिको साइनबोर्ड तोडफोड गरे । यसै दिन मोर्चा कार्यकर्ताहरुले महोत्तरीको पिपरा र मठिहानी गाउँपालिकाहरुमा तालाबन्दी गरे । उनीहरुले सरकारी कर्मचारीहरुलाई स्थानीय तह पुनर्संचना प्रकृया जारी राखिरहेमा भौतिक कारवाही गर्ने धम्की दिए ।
- चैत ८ मा मोर्चा कार्यकर्ताहरुले धनुषाको औरही गाउँपालिकाको साइनबोर्ड झिके भने नगराइन नगरपालिकाको फर्नीचर तोडफोड गरे ।
- चैत ९ मा मोर्चा समर्थकहरुले नवलपरासीको रामग्राम नगरपालिकामा प्रदर्शन गर्दै जनतालाई आउँदो चुनावमा भाग नलिन अपील गरे । सोही दिन मोर्चा कार्यकर्ताहरुले महोत्तरीको भङहा गाउँपालिकाको साइनबोर्ड जलाउनुको साथै कार्यालयमा ताला लगाए । त्यसैगरी मोर्चा कार्यकर्ताहरुले धनुषा जिल्ला समन्वय समितिको साइनबोर्ड पनि तोडफोड गरे ।
- चैत १४ मा मोर्चा कार्यकर्ताहरुले नवलपरासीको रामग्राममा नेपाली काँग्रेसको चुनावी र्‍यालीलाई अवरोध पुर्‍याए । कार्यकर्ताहरुले र्‍यालीलाई अवरोध पुर्‍याउन सडकमा टायर बाल्नुको साथै नेपाली काँग्रेसका जिल्ला स्तरीय नेताहरुको पुतला पनि जलाए ।
- चैत १५ मा मोर्चा कार्यकर्ताहरुले रौतहटको गौरमा जिल्ला निर्वाचन कार्यालय अगाडि प्रदर्शन गरे । मोर्चा कार्यकर्ताहरुले सप्तरीको निर्वाचन कार्यालयलाई पनि घेराउ गरे र तनाव रोक्न सुरक्षाकर्मी तैनाथ गर्नुपर्‍यो । सोही दिन गौरमा मोर्चा कार्यकर्ताहरुले राप्रपाको बैठक बिथोले । तिनीहरुले राप्रपा नेताहरुलाई आक्रमण गर्नुको साथै गौर नगरपालिकाको बैठक कोठामा जिल्ला नेता शिवजी चौरसियाको अनुहारमा कालोमोसो दले र बैठक कोठाको फर्नीचरमा आगो लगाए । प्रहरी हस्तक्षेपछि मात्र दुई पक्षबीचको तनाव नियन्त्रण भयो । यस घटनामा कोही पनि घाइते भएको समाचार आएन । सोही दिन यस वारदातभन्दा पहिला मोर्चा कार्यकर्ताहरुले संविधान संशोधन पास गराउ भन्ने मागसहित रौतहट निर्वाचन कार्यालयमा प्रदर्शन गर्‍यो ।
- चैत १५ मा नै संघीय समाजवादी फोरम नेपालका केन्द्रीय समिति सदस्य अरुण सिंह मण्डलको नेतृत्वमा मोर्चा कार्यकर्ताहरुले धनुषाको शहीद नगरपालिका, जनकनन्दिनी गाउँपालिका र कमला ऋिद्धिसिद्धि गाउँपालिकाहरुको साइनबोर्ड तोडफोड गर्नुको साथै कार्यालयमा ताला लगाए ।

ख. निर्वाचनसम्बन्धी अन्य घटनाहरु

मधेशी मोर्चाको विरोध प्रदर्शनका अलावा यस अवधिमा अर्को महत्वपूर्ण घटना निर्वाचन आयोगले पार्टी विधानबाट राजतन्त्र र हिन्दु राज्य पुनर्बहालीको प्रावधानलाई झिकिदिएको विरोधमा राप्रपाले गरेको प्रदर्शन थियो । निर्वाचन आयोगको निर्णयविरुद्ध राप्रपाले कम्तीमा १० ओटा विरोधका कार्यक्रम गर्‍यो । यसमध्ये दुइटा घटनामा प्रहरीसँग मुठभेड भयो ।

पार्टी अध्यक्ष तथा उपप्रधानमन्त्री कमल थापाको नेतृत्वमा चैत ६ मा काठमाण्डुमा निर्वाचन आयोगलाई घेराउ गर्दा गम्भीर घटना भयो । राप्रपा प्रदर्शनकारीहरुले प्रहरीको घेराबन्दी तोड्न खोज्दा झडप हुँदा

भीडलाई नियन्त्रणमा लिन चलाएको लाठी र अश्रुग्यासबाट कम्तीमा १२ जना राप्रपा कार्यकर्ता तथा प्रहरी घाइते भए[6] । उक्त झडप अधिकांश राष्ट्रिय टेलिभिजनहरुले प्रत्यक्ष प्रसारण गरेको थियो ।

यस अवधिमा नेकपा-एमालेको मेची-महाकाली अभियान तथा अन्य कुनै अभियान वरिपरि कुनै प्रमुख मुठभेडहरु भएन । यद्यपि नेकपा-एमालेको मेची-महाकाली अभियानलाई बाधा पुऱ्याउने नियतले थरुहट/थारुवान संयुक्त संघर्ष समितिले चैत ३ मा कञ्चनपुर बन्दको आह्वान गऱ्यो ।

राजनीतिक दलहरुले निर्वाचनसम्बन्धी प्रकृयागत निर्णयसँग असन्तुष्टी प्रकट गर्दै कम्तीमा दुईओटा प्रदर्शन गऱ्यो । चैत १० मा रुवी उपत्यकाको निर्वाचन केन्द्र बोराङबाट चालिसे गाउँमा सारेको निहुँमा धादिङमा माओवादी केन्द्र र राप्रपाका कार्यकर्ताहरुबीच झडप हुँदा तीन जना घाइते भए[7] । चैत १४ मा नेपाल मजदुर किसान पार्टीले सदनमा भर्खरै पारित राजनीतिक दलहरुको विधेयकमा राखिएको थ्रेसहोल्डको प्रावधानलाई विरोध गर्दै चितवनको भरतपुरमा प्रदर्शन गऱ्यो[8] ।

एउटा दलले अर्को दलको चुनावी अभियानलाई बाधा पुऱ्याएको निहुँमा कम्तीमा एउटा झडप भयो । चैत १६ मा रुकुमको सानोबारी गाउँपालिकामा माओवादी केन्द्रले नेपाली काँग्रेसको चुनावी अभियानलाई बिथोल्न खोज्दा मुठभेडमा नेपाली काँग्रेसका तीन जना कार्यकर्ता घाइते भए ।

## २. स्थानीय तह पुनर्संरचनासम्बन्धी घटनाहरु

स्थानीय तह पुनर्संरचना आयोगले गरेको निर्णयविरुद्ध कम्तीमा १२ ठाउँमा नागरिकहरुले प्रदर्शन गरे । प्रदर्शनहरु सामान्यतया स्थानीय एकाइको नयाँ बनौट (अथवा पुरानो एकाइलाई मान्यता नदिएको), नयाँ एकाइको सीमाना तथा नयाँ एकाइको केन्द्रविरुद्ध लक्षित थियो । धनुषाको एक ठाउँमा नागरिकहरुले तिनीहरुको माग पुरा नहुञ्जेल चुनाव बहिष्कार गर्ने बताए ।

- चैत ३ मा पूर्व पडरिया गाउँ विकास समितिका नागरिकहरुले पडरियालाई कबिलासी गाउँपालिकाको सट्टा चक्करघट्टा गाउँपालिकामा मिसाउनुपर्ने मागसहित सर्लाही जिल्ला प्रशासन कार्यालय घेराउ गरे ।
- चैत ५ मा मुस्ताङको पूर्व लिटे र कुञ्जे गाविसहरुका नागरिकहरुले नयाँ गठित थासाङ गाउँपालिकाको अधिकांश नागरिकलाई नयाँ केन्द्र कोबाङ निकै टाढा भयो भन्दै कोबाङको सट्टा लिटेलाई केन्द्र बनाउनुपर्ने माग राख्दै घासा-जोमसोम राजमार्गमा सवारी साधन अवरुद्ध गरे ।
- चैत ७ मा सिरहाको सुखीपुर गाउँपालिकाका नागरिकहरुले सुखीपुरको नगरिपालिकाको दर्जालाई खारेज गर्दै गाउँपालिका बनाएको विरोधमा भोक-हडताल सुरु गऱ्यो । त्यहाँको स्थानीय संघर्ष

---

[6] समाचारमा प्रहरीतर्फ घाइते हुनेहरुको सङ्ख्या उल्लेख गरिएको छैन ।

[7] राप्रपा कार्यकर्ताहरु केन्द्र सारिएको विरुद्धमा थिउ ।

[8] आगामी प्रतिनिधि सभामा लागु हुनेगरि पारित गरिएको नयाँ थ्रेसहोल्डअनुसार राष्ट्रिय दलको दर्जा पाउन कुनै पनि दलले प्रत्यक्षतर्फ कम्तीमा एक सीट र समानुपातिकतर्फ खसेको सदर मतको कम्तीमा ३ प्रतिशत मत अनिवार्य ल्याउनुपर्ने प्रावधान छ । Threshold of 3pc plus one FPTP seat for national party

समितिले जिरोमाइल बरियारपट्टि रोडमा पनि सवारी आवागमन अवरुद्ध गरे । यसभन्दा अघि चैत ३ मा नै सुखीपुरका नागरिकहरुले नगरपालिका कायम नै राख्नुपर्ने मागसहित प्रदर्शन गरेका थिए ।

- चैत ७ मा नै रोल्पाको पूर्व करेती, नौवागाउँ र गैरीगाउँ गाविसका नागरिकहरुले त्रिवेणीलाई त्रिवेणी नगरपालिकाको केन्द्र बनाउनुपर्ने माग राख्दै जिल्ला समन्वय समिति घेराउ गरे । घेराउ गर्नबाट प्रदर्शनकारीहरुलाई रोक्न प्रहरीले अश्रुग्यासको प्रयोग गऱ्यो ।
- चैत १६ मा धनुषाको मिथिला नगरपालिकाको हरिहरपुरका नागरिकहरुले क्षिरेश्वर नगरपालिकामा मिसिने मागसहित जनकपुर-ढल्केबर सडक अवरुद्ध पारे । हरिहरपुर मिथिला नगरपालिकामा गाभिनुभन्दा पहिला क्षिरेश्वर नगरपालिकामै थियो ।
- चैत १७ मा धनुषाको पूर्व रघुनाथपुर गाविसका नागरिकहरुले स्थानीय सवारी आवागमनलाई अवरुद्ध गर्दै गाउँपालिकाको दर्जा पाउनुपर्ने माग राख्दै जुलुस निकाले । सबै प्रुख दलका स्थानीय नेता र अभियन्ताहरु सो जुलुसमा सहभागी भएका थिए । तिनीहरुको माग सम्बोधन नभए चुनाव बहिष्कार गर्ने चेतावनी दिए ।

*यो प्रतिवेदन डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डिआरसीएन) र शान्तिका लागि साझा अभियान (कोक्याप)/नेपाल मोनिटरले आउँदो निर्वाचनको अवधिभर प्रकाशन गर्ने आवधिक विश्लेषण अद्यावधिक शृङ्खलाको तेश्रो संस्करण हो । यस परियोजनाले द एशिया फाउन्डेशन र द कार्टर सेन्टरबाट आर्थिक र प्राविधिक सहायता प्राप्त गरेको छ ।*


स्थानीय तह निर्वाचनको सेरोफेरोमा भएका राजनीतिक घटनाहरु
चैत ३ - १८, २०७३
चैत १५, मधेसी मोर्चाद्वारा रौतहटमा राप्रपाको कार्यक्रममा तोडफोड ।
चैत १५, मधेसी मोर्चाद्वारा धनुषामा नगरपालिका र गाउपालिकाको कार्यालयमा तोडफोड ।
चैत १४, मधेसी मोर्चाद्वारा नवलपरासीमा नेपाली कांग्रेसको कार्यक्रममा अवरोध, मोटरसाइकलमा तोडफोड ।
चैत ९, मोर्चाद्वारा धनुषामा जिल्ला समन्वय समितिको कार्यालयमा तोडफोड ।
चैत ९, सप्तरीमा भागाहा गाउपालिकाको कार्यालयमा आगजनी र तालाबन्दी ।
चैत ८, मोर्चाद्वारा धनुषामा वड़ा कार्यालयमामा तोडफोड र तालाबन्दी ।
चैत ७, मोर्चा कार्यकर्ताहरुद्वारा मोरडमा जिल्ला समन्वय समितिको कार्यालयमा तालाबन्दी ।
चैत ७, मोर्चाद्वारा पर्सामा जिल्ला समन्वय समितिको कार्यालयको साइनबोर्डमा तोडफोड ।
चैत ६, मोर्चाका कार्यकर्ताहरुद्वारा बाराको देवताल गाउपलिकाको कार्यालयको फर्निचरमा आगजनी ।
डडेलधुरा
कंचनपुर
कैलाली
जाजरकोट
दाङ
धादिंग
काठमाडौं
नवलपरासी
रुपन्देही
चितवन
पर्सा
बारा
रौतहट
महोत्तरी
धनुषा
सिराहा
सप्तरी
सुनसरी
मोरङ
झापा
घटनाका प्रकारहरु (हिंसात्मक)
आगजनी
झडप
तोडफोड
हिंसात्मक विरोध प्रदर्शन
जम्मा घटनाहरुको संख्या
०
१-२
३-५
६-१०
NepalMonitor.org
NEPAL MONITOR
human rights . security . nepal
चैत १६, जाजरकोटमा नेपाली कांग्रेस र माओवादी केन्द्रका कार्यकर्ताहरुबीच झडप हुदाँ ३ घाइते ।
चैत ९, धादिंगमा बुथको विषयलाई लिएर माओवादी केन्द्र र राप्रपाका कार्यकर्ताबीच झडप हुदा ३ जना घाइते ।
चैत ७, निर्वाचन आयोग घेराउ गर्न गएका राप्रपा कार्यकर्ताहरु र प्रहरीबीच झडप, दर्जनौं घाइते ।


स्थानीय तह निर्वाचनको सेरोफेरोमा भएका राजनीतिक घटनाहरु
चैत ३ - १८, २०७३
चैत १५ , मधेसी मोर्चाद्वारा तराईका जिल्लाहरुमा जिल्ला निर्वाचन कार्यालय घेराउ ।
चैत ७, मधेसी मोर्चाका कार्यकर्ताहरुले महोत्तरी, नवलपरासी र सिराहा लगायतका जिल्लाहरुका स्थानीय तहमा तालाबन्दी गरे ।
चैत ६, मधेसी मोर्चाद्वारा सप्तरीका स्थानीय तहमा तालाबन्दी ।
चैत ४, मधेसी मोर्चाद्वारा मोरङ, नवलपरासी र सिराहामा स्थानीय तह कार्यान्वयनमा अवरोध ।
चैत ३, मधेसी मोर्चाद्वारा सप्तरीमा जिल्ला समन्वय समिति र राजबिराज नगरपालिकाको कार्यालयमा तालाबन्दी ।
चैत ७, राप्रपाद्वारा डडेलधुरा, दाङ, पर्सा र धनुषा जिल्लामा जिल्ला निर्वाचन कार्यालय घेराउ ।
चैत ६, राप्रपाद्वारा झापा, सुनसरी, पर्सा र कैलालीमा निर्वाचन आयोग विरुद्ध विरोध प्रदर्शन ।
चैत ५, राप्रपाद्वारा आफ्नो विधानबाट हिन्दु रास्ट्र र संवैधानिक राजतन्त्र शब्दावली हटाउने निर्वाचन आयोगको निर्णय विरुद्ध देशव्यापी मसाल जुलुश प्रदर्शन ।
डडेलधुरा
कञ्चनपुर
कैलाली
जाजरकोट
दाङ
धादिङ
काठमाडौं
रुपन्देही
नवलपरासी
चितवन
पर्सा
बारा
रौतहट
महोत्तरी
धनुषा
सिराहा
सप्तरी
सुनसरी
मोरङ
झापा
घटनाका प्रकारहरु
घेराउ धर्ना तालाबन्दी
प्रदर्शन
बन्द हड्ताल
अरु राजनीतिक विरोध
जम्मा घटनाहरुको संख्या
०
१-२
३-५
६-१०
NepalMonitor.org
NEPAL MONITOR
human rights . security. nepal
चैत १४, नेपाल मजदुर किसन पार्टीद्वारा आउने स्थानीय निर्वाचनमा थ्रेसहोल्ड प्रणालीको विरोध गर्दै रुपन्देहीमा विरोध सभा आयोजना ।
चैत ३, नेकपा एमालेको मेचीमहाकाली अभियानलाई लक्षित गर्दै थरुहटद्वारा कंचनपुरमा बन्दको आवहान ।